कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा

कोहलपुर, बाँके,
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या : ०७७/०७८
चलानी नं. : ८४१

मिति : २०७८/०२/०४

विषय : वार्षिक मूल्याङ्कन तथा नतिजा प्रकाशन सम्बन्धमा ।

श्री सबै सामुदायिक तथा संस्थागत विद्यालयहरु,
कोहलपुर नगरपालिका, बाँके ।

हाल देशमा पुनः आएको नयाँ भेरिएन्ट सहितको कोभिड-१९ सङ्क्रमण फैलिएको र निरन्तर लकडाउन भइरहेकको हुँदा विद्यालयमा विद्यार्थी प्रत्यक्ष रुपमा उपस्थित गराई लिखित तथा प्रयोगात्मक परीक्षा सञ्चालन गर्न कठिन हुनसक्ने देखिएकाले नगर शिक्षा समितिको मिति २०७८/०२/०४ को निर्णयानुसार देहायबमोजिम गर्नुगराउनु हुन यसै पत्रबाट जानकारी गराइन्छ ।

१. "कोभिड-१९ महामारीमा सिकाइ सहजीकरणका लागि पाठ्यवस्तु समायोजन ढाँचा,२०७७" को नं. ६. विद्यार्थी मूल्याङ्कन प्रक्रियाबमोजिम विद्यालयहरु आफैँले "वार्षिक नतिजा प्रकाशनको आन्तरिक मूल्याङ्कन कार्यविधि" बनाई मिति २०७८ जेठ २० गतेसम्ममा कक्षा १-५, कक्षा ६-७ र कक्षा-९ का विद्यार्थीहरुको वार्षिक मूल्याङ्कन गरी प्रमाणीकरण तथा श्रेणीकरण गर्ने ।
२. विद्यालयहरुले तयार गरेको वार्षिक मूल्याङ्कन कार्यविधि शिक्षा शाखामा अनिवार्य रुपमा पेस गर्ने ।
३. यस शिक्षा शाखाले तोकेको मितिमा सबै विद्यालयहरुले भर्चुअल प्रविधिको प्रयोग गरी एकै दिन वार्षिक नतिजा प्रकाशन गर्नेगरी तयारी पूरा गर्ने र आगामी शैक्षिक सत्रका लागि तत्पर रहने ।
४. आधारभूत तह (कक्षा-८) को वार्षिक मूल्याङ्कन सम्बन्धमा यथाशिघ्र सूचना जारी गरिनेछ ।

.....
अनन्तकुमार पौड्याल
शिक्षा शाखा प्रमुख
अनन्त कुमार पौड्याल
शिक्षा प्रमुख/उपसचिव

बोधार्थ
श्री शिक्षा विकास तथा समन्वय इकाई, नेपालगन्ज, बाँके : जानकारीका लागि ।